# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०३।२७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

बारपाक सुलिकोट गाउँपालिका वाड नं. ७, गोरखास्थित झाक्रीचोकदेखि टाकुसम्मको सडक निर्माणको लागि आर्थिक वर्ष ०७५/०७६ मा रकम विनियोजन भै ठेकेदार अमर गुरुङले उल्लिखित सडक निर्माणको कार्य गरेको, निजले सडक निर्माणको कार्य गर्दा इष्टिमेट अनुसार काम नगरी इन्जिनियर र ठेकेदार मिली रकम हिनामिना गरेको हुँदा छानविन गरी पाउँ भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा देहायबमोजिमका व्यक्तिहरुले देहायबमोजिमको कसुर गरेको हुँदा निजहरुलाई निम्नानुसारको सजायको मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ को उपदफा (१) बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

(क) **बारपाक सुलिकोट गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिव बहादुर गुरुङ, लेखापाल गंगा बहादुर घले र इन्जिनियर सुजन अंगाईले** बारपाक सुलिकोट गाउँपालिका अन्तर्गत झाक्रीचोक धारापानी देउराली बहाकोट सडक निर्माण कार्य अन्तर्गत Soft Soil को भए-गरेको वास्तविक कार्यभन्दा बढी परिमाणको दरले हुन आउने बढी रकम रु.३,६८,४२०।१७ (भ्याट सहित) बढाई Field Measurement Sheet, Field Measurement गरी तयार पारेको विस्तृत लागत, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन, गोश्वारा भौचर तयार तथा निर्माण व्यवसायी सोम एण्ड अमर कन्स्ट्रक्सन प्रा.लि.का अमर बहादुर गुरुङसँगको मिलेमतोमा उक्त बढी रकम रु.३,६८,४२०।१७ (भ्याटसहित) भुक्तानी गरी नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याई सार्वजनिक सम्पत्तिको हिनामिना गरी निजहरु शिव बहादुर गुरुङ, गंगा बहादुर घले र सुजन अंगाईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुर गरेको पुष्टि भएको देखिँदा निजहरुलाई बिगो रु.३,६८,४२०।१७ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन र दफा १७ वमोजिम उक्त बिगो असुल हुनसमेत मागदाबी लिइएको छ ।

(ख) **निर्माण व्यवसायी सोम एण्ड अमर कन्स्ट्रक्सन प्रा.लि.का अमर बहादुर गुरुङले** बारपाक सुलिकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिव बहादुर गुरुङ, लेखापाल गंगा बहादुर घले र इन्जिनियर सुजन अंगाईसंग मिलेमतो गरी शपथ, कबुलियत र सम्झौताको पालना नगरी आफूलाई गैरकानूनी लाभ तथा नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याई सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिमको कसुर गरेको पुष्टि भएको देखिँदा निज अमर बहादुर गुरुङलाई बिगो रु.३,६८,४२०।१७ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजायको मागदावी लिइएको छ ।

प्रवक्ता
नारायण प्रसाद रिसाल